## जयपृथ्वी नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः ७** **मितिः२०७८-०९-३०**


## भागः२

# जयपृथ्वी नगरपालिका

नगर कार्यपालिकाको ज्येष्ठ नागरिक परिचय–पत्र वितरण गर्न बनेको
ज्येष्ठ नागरिक परिचय–पत्र वितरण निर्देशिका , २०७८
स्वीकृत मिति २०७८।०९।०९

**परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्ने तथा निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा आदर तथा सदभाव अविवृद्धि गर्न साथै राज्यद्धरा तोकिएको सेवा एवम सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुची ८ को क्र स १६ बमोजिमको कार्य गर्ने गरी स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३, दफा ११ उपदफा त २ ले दिएको अधिकार प्रयोग गरी जयपृथ्वी नगरपालिकाको नगर कार्यपालिकाको बैठक बाट यो ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७८ जारी गरीएको छ।

**१. परिचय पत्र वितरणका आधारहरु :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक ,ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय पत्रका आधारहरु हुनेछन् ।

## २. उद्देश्य :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र नगरपालिका र वडाहरुमा ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको बर्गीकरण अनुसार सार्वजनिक सवारीसाधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा धार्मिक तथा सामाजिक स्थलमा ज्येष्ठ नागरिकलाइ आवश्यक सेवा सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरि निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरि विकास प्रकृयामा सहभागि गराउने ।

## ३.लक्षित वर्ग :

ज्येष्ठ नागरिक सम्बन्धी ऐन ,२०६३ ले परिभाषीत गरे अनुसार साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

## ४. ज्येष्ठ नागरिकको वर्गीकरण :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिम गरिएको छ ।

(क)सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ,

(ख) सत्तरी वर्ष पुरा गरेका वरिष्ठ ज्येष्ठ नागरिक ,

(ग) असहाय ज्येष्ठ नागरिक ,

(घ) अशक्त ज्येष्ठ नागरिक ,

(ङ) एकल ज्येष्ठ नागरिक ,

## ५ .परिचय पत्र वितरणका मापदण्ड :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने ।

### ६. ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसुची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय पत्र को ढाँचा यस निर्देशिकाको अनुसुची १ बमोजीम हुनेछ । ज्येष्ठ नागरिक परिचय पत्र को आकार (Size) नेपाली नागरिकताको प्रमााण पत्रको आकार बराबरको हुनेछ ।

## ७. परिचय पत्र वितरण प्रक्रिया :

(क) ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न ६० बर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वंयम वा निजको संरक्षकले सम्बन्धित स्थानिय तहका प्रमुख समक्ष अनुसुची २ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र दुई प्रति अटो साईजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाणपत्रलाई आधार मानिने छ ।

(ग) ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने अधिकारी स्थानिय तहको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी हुनेछ ।

(घ) परिचय पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराईज गरी नगरपालिकाको कार्यालयमा राखी बार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराईनेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचय पत्र हराएको कारणले प्रतिलिपी लिनु परेमा सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेश गर्नुपर्नेछ ।

## ८. विविध :

(क) आवश्यकताका आधारमा ज्येष्ठ नागरिक परिचय पत्र वितरणका लागि जयपृथ्वी नगरपालिकाले कार्यविधि निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानुनको अधिनमा रही प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरेबमोजिम हुनेछ ।

(ग) यो कार्ड निशुल्क रुपमा उपलब्ध हुनेछ ।

९. वितरित परिचय पत्रको अभिलेख अनुसुची ३ बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

१०. यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

११. यो निर्देशिकामा कुनै थपघट र हेरफेर गर्नुपरेमा नगरकार्यपालिकाको बैठकले आवश्वकता अनुसार शंसोधन गर्न सक्नेछ ।

जयपृथ्वी राजपत्र

**अनुसुची १**

ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा

ज्येष्ठ नागरिक परिचय - पत्र

प.प.नं.:-

नाम थर : .........................................................

ना.प्र.न.:...............................................

ठेगाना:जिल्ला.................. न.पा.................

उमेर.............................. लिङ्ग................

वडा नं.................................. टोल/गाउँ.................

उपलब्ध छुट तथा सुविधाहरु.........................

पति/पत्नीको नाम............................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण :

...........................................................

संरक्षकको नाम,थर,सम्पर्क ठेगाना,मोवाईल नं.

..............................................

फोटो

रक्त समुह र रोग भए रोगको नाम र सेवन गरेको औषधीको नाम

..................................

प्रमाणित गर्ने अधिकृतको नाम :

दस्तखदः

नाम थर :

पद :

कार्यालय :

## अनुसुची – २

श्री प्रमुख ज्यु मितिः ......................

जयपृथ्वी नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
चैनपुर, बझाङ्ग

विषय : ज्येष्ठ नागरिक परिचय पत्र उपलब्ध गराइदिनुहुन ।

महोदय,

उपरोक्त सम्बन्धमा नेपालको संविधान २०७२ तथा स्थानिय शासन सञ्चालन ऐन २०७४ बमोजिम ज्येष्ठ नागरिकलाइ सरल र सहज रुपमा सेवा प्रदान गर्ने उद्देश्यका साथ परिचय पत्र उपलब्ध गराउने व्यवस्था भएको जानकारी प्राप्त भएको तथा मेरो उमेर ने. ना.प्र.प.बमोजिम ६० बर्ष पुरा भएकाले ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका बमोजिम मलाई ज्येष्ठ नागरीक परिचय पत्र उपलब्ध गराईदिनहुन विन्रम अनुरोध गर्दछु ।

निवेदक

नाम थर :...................................................

ना.प्र.न.............................................................

ठेगानाः जिल्ला.................. गा.पा. /न.पा...........................

वडा नं...................... टोल/गाऊँ.........................

उमेर.......................लिङ्ग..........................

सम्पर्क व्यक्तिको नाम थर :...............

सम्पर्क नं.

दस्तखतः

## अनुसुची ३

जयपृथ्वी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
चैनपुर,बझाङ्ग

ज्येष्ठ नागरिक परिचय पत्रको अभिलेख

जयपृथ्वी राजपत्र

| क्र.स. | परिचय पत्र न. | ने.ना.प्र.प.न. | नाम थर | ठेगाना | टोल | फोटो | परिचय पत्र जारी मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

जयपृथ्वी राजपत्र

जयपृथ्वी राजपत्र